# माहाकाली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दोधारा-चादनी,कञ्चनपुर
७ नं प्रदेश, नेपाल

## शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७३।१२।२२**

यस कार्यालयको आ.ब.०७३।०७४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सडकहरु कालोपत्र, साइट प्रोटेक्सन एंव ग्राबेल फिलीङ्ग कार्यको लागि नेपाल सरकारबाट ईजाजत प्राप्त निर्माण ब्यवसायीले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वको दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र रु १०००।-(फिर्ता नहुने गरी) नवीकरण भएको आयकर/मू.अ.क. प्रमाण पत्र, संस्था दर्ता प्रमाणपत्र र इजाजत पत्रको प्रमाणित प्रतिलिपि, आर्थिक बर्ष ०७२/०७३ सम्म कर चुक्ता गरेको प्रमाण पत्रका साथ निवेदन दिएमा यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्म उल्लेख भएको धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टा छुटै यस कार्यालयको महेन्द्रनगर स्थित रा.बा.बैंक हि.नं. ४१८०३०३००७१०६ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कवोल अंकको २.५० प्रतिशत (भ्याट सहितको) धरौटी रकम कम्तिमा ७५ दिन सम्म म्याद भएको क श्रेणीको बाणिज्य बैंकको जमानी पत्र ( बिड बन्ड) संलग्न राखी पेश गर्नुपर्नेछ । सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

३. रितपूर्वक पर्न आएका दरभाउ पत्रहरु १६औं दिनको २ बजे नियमानुसार कार्यालय र दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउ पत्र खरीद गर्न र पेश गर्ने तोकिएको अन्तिम दिनहरुमा सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन उक्त कार्य गरिनेछ ।

५. दरभाउपत्रमा दरभाउपत्रदाता ले कबोल गरेको दर अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिईनेछ ।

६. दरभाउ पत्र शिलबन्दी गरेको खाम बाहिर माहाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दोधारा चाँदनी कञ्चनपुरलाई संबोधन गरी ठेक्का नं., योजना र कामको बिवरण उल्लेख गरी दरभाउपत्र पेश गर्ने फर्मको नाम र ठेगाना स्पष्ट रुपमा उल्लेख गरिएको हुनु पर्नेछ ।

७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित हुनेछ ।

८. भएको कामको भुक्तानी कार्यालयको बजेट निकाशा भए पछि गरिनेछ ।

९. दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१०. यसमा उल्लेख भए बाहेक अन्य कुरा हरु को हकमा प्रचलित ऐन नियमानुसार अनुसार हुनेछ ।

११. दरभाउ सम्बन्धि कागजातहरु यस कार्यलयको website www.dodharachadanimun.gov.np मा हेर्न सकिनेछ । दरभाउ सम्बन्धि निर्देशन त्यहा वाटै अवगत गर्न हुन ।

१२. कामको बिवरण निम्नानुसार छ ।

### तपशिल

| सि. न | ठे.नं. | योजना र कामको बिवरण | ल.ई. रकम (कन्टेन्जेन्सी र भ्याट बाहेक) | जमानत रकम |
|---|---|---|---|---|
| १ | १८/२०७३/०७४ | मिलन चोक देखि जोगबूडा जाने सडक कालोपत्रे, वडा नं ०७ | १७,६४,०५०।२१ | ५०,०००। |
| २ | १९/२०७३/०७४ | चादनी बजार देखि वडा कार्यालय तर्फ सडक कालोपत्रे, वडा नं ४ | १५,१०,८७९।९० | ४३,०००। |
| ३ | २०/२०७३/०७४ | इप्रका देखि पश्चिम सडक कालोपत्रे, वडा नं ५ र ६ | १४,५४,२१४।२६ | ४२,०००। |
| ४ | २१/२०७३/०७४ | वडा नं ४ र ५ को चोक देखि पूर्व पश्चिम सडक कल्भर्ट निर्माण एव ग्राबेल फिलीङ्ग कार्य | ५,२०,४११।४० | १५,०००। |
| ५ | २२/२०७३/०७४ | पत्थरनाला र मलेरिया नालाका साइट प्रोटेक्सन एंव ग्राबेल फिलीङ्ग कार्य, वडा नं ४, ५ र ६ | १७,२७,८८५।१६ | ४९,०००। |

कार्यकारी अधिकृत